**नेपाल सरकार**

**अर्थ मन्त्रालय**

# भन्सार विभाग

# वीरगञ्ज भन्सार कार्यालय

**वाट**

## भन्सार नियमावली, २०६४ को नियम ३५(२) बमोजिम यस कार्यालयवाट सिलबन्दी बोलपत्रद्धारा विभिन्न मालवस्तु लिलाम बिक्री गर्ने बारेको १५ दिने सूचना ।

**(सूचना प्रकाशित मिति २०७५।०४।१७)**

यस कार्यालयमा विभिन्न मितिमा चोरी निकासी/पैठारी अभियोगमा दाखिला भएका देहाय बमोजिमका मालवस्तु जे जस्तो अवस्थामा छन,सोही अवस्थामा सिलवन्दी बोलपत्रद्धारा लिलाम विक्री गरीने भएकोले इच्छुक फर्म तथा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न लिखीत सर्तहरुको अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको छ । आफुले कबोल गरेको रकमको १०% ले हुने रकम राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, वीरगञ्जमा रहेको को.ले.नि.का.पर्साको धरौटी खाता नम्वर १२५०२०३००००००० मा जम्मा गरी सोको एक प्रती सक्कल बैंक भौचर बोलपत्र साथ पेश गर्नुपर्ने छ । साथै यो सूचना भन्सार विभागको वेभ साइड www.customs.gov.np/birgunj मा हेर्न सकिने छ । अन्य व्यहोरा वुभ्नु पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको मुद्दा शाखामा आई बुझ्न सकिने छ ।

| सूचना नम्वर | मुद्धा नम्वर/मिति | गो.न. | मालबस्तुको बिबरण | न्युनतम मूल्य | बोलपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | ६७२ | BETELNUT(सुपारी) १३६०० के.जी.(170 Bag) | २७२०००००।- | २०००।- | |
| २ | ६६५/२०७५/०२/३१ | ६४२ | सुटिङ कपडा ५१७३ मिटर, सटिङ कपडा ७२४ मिटर | २२०६७६०।- | २०००।- | |
| ३ | १०/२०७५/०४/०३ | १० | मटर(केराउ) १२० वोरा(३००० के.जी.) | १०५०००।- | १०००।- | |

**<u>सिलवन्दी बोलपत्र फारम सम्बन्धी सर्तहरु :-</u>**

१. बोलपत्र फाराम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको मुद्दा शाखाबाट सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । साथै बोलपत्र खरिद गर्दाकै अवस्थामा फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । बोलपत्र खरिद गर्दाको अवस्थामा कागजात पेश गरेका वोलपत्रदाताले शर्त नं. ७ बमोजिम पुन: कागजातहरु पेश गर्न अनिवार्य हुने छैन ।

२. पांच लाखभन्दा बढी रकमको व्यापारीक सामानमा अनिवार्य रुपमा मू.अ.कर दर्ता प्रमाणपत्र भएका फर्मले मात्र बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

३. आफूले कबोल गरेको रकम अंक र अक्षरमा खुल्नेगरी स्पष्ट रुपमा नेपाली भाषामा उल्लेख गर्नुपर्नेछ । सच्याईएको वा केरमेट गरेमा सो स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ । साथै अंक र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ । कुनैपनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

४. बोलपत्र फाराम पेश गर्दा सो वोलपत्र खामभित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ ।

५. बोलपत्र फाराम भएको खाम बाहिर बोलपत्र सुचना नं. र वोलपत्रदाताको नाम ठेगाना उल्लेख गर्नुपर्नेछ ।

६. बोलपत्रदाताले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ । यस कार्यालयबाट विक्री गरिएको सक्कल बोलपत्र फाराममा मात्र बोलपत्र भर्नुपर्नेछ ।

७. बोलपत्र फारामसाथ फर्म/कम्पनी/संघ/संस्थाले आयकर, मू.अ.कर दर्ता प्रमाणपत्र र अन्त:शुल्क लाग्ने मालबस्तुको हकमा कारोवार गर्न प्राप्त इजाजतपत्रको प्रतिलिपि संलग्न हुनुपर्नेछ । कार्यालयले सक्कल कागजात हेर्न खोजेमा सो को सक्कल प्रति पेश गर्नु पर्नेछ ।

८. खरिद गरिएका बोलपत्र सूचना प्रकाशित भएको मितिले १६ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको मुद्दा शाखामा(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) मा दर्ता गरिसक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु सोहि दिन दिउसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । निर्धारित समयमा बोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र खोलिनेछ ।

९. नेपाल सरकारको हितलाई ध्यानमा राखी नियमानुसार बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहनेछ ।

१०.बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र आफूले कबोल गरेको मालवस्तुको मूल्य र सोमा प्रचलित नियमानुसार लाग्ने कर(आयकर,मु.अ.कर तथा अन्त:शुल्क)रकम समेत बुझाई उठाई लैजानु पर्नेछ । बोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराईनेछ । साथै भन्सार विभागको वेभ साइड www.customs.gov.np/birgunj मा समेत हेर्न सकिनेछ ।

११.कबोल गरेको सबैभन्दा बढी अंक स्वीकृत भएपछि कबोल गर्नेले ७ दिन भित्र आफूले कबोल गरेको रकम र सोमा लाग्ने कर समेत बुझाई मालवस्तु उठाई नलगेमा न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमश: दोश्रो, तेश्रो र चौथो घटिवालाको कबोल अंक स्वीकृत गरीनेछ र टेन्डर कवोल गरी म्याद भित्र सामान नउठाउने बोलपत्रदाताको धरौटी रकम जफत गरी पुन: लिलामको कारवाही अगाडी बढाईनेछ ।

१२. इच्छुक व्यक्तिले मालवस्तु हेर्न चाहेमा कार्यालय समयमा यस कार्यालयको मुद्धा शाखामा सम्पर्क गरी हेर्न तथा बुझ्न सकिनेछ ।

१३. यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानुन बमोजिम हुनेछ ।